# १२१ औं कार्यपालिका वैठकको प्रस्तावहरु :

१. आर्थिक वर्ष २०८१/८२ को वार्षिक समिक्षा सम्बन्धमा ।

२. OVOT को म्यादथप तथा नयाँ करार सम्झौता सम्बन्धमा ।

३. Social Officer नियुक्ति सम्बन्धमा ।

४. मासुमा आत्मनिर्भर तथा स्वास्थ्य मासु उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०८२ सम्बन्धमा ।

५. शसस्त्र प्रहरीको जग्गा सम्बन्धमा ।

६. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रमको लागी पुरानो पकेट क्षेत्रमा नयाँ कृषकलाई कार्यक्रम दिने सम्बन्धमा ।

७. भू उपयोग क्षेत्र परिवर्तन सम्बन्धमा ( वडा नं ११ को च.नं ५६ मिति २०८२/०४/१६ गतेको पत्रानुसार )

८. सिटिहल पार्किङ्ग र प्यासेजकोठा र चमेना गृहको मासिक भाडा सम्बन्धमा ।

९. बहाकोट काल्खु सडक खण्ड बिस्तार तथा स्तारोन्ती गर्दा बाटो निर्माणका क्रममा क्षेत्राधिकार भित्र थप कटान हुने जग्गाको क्षतिपुर्तिका लागि रु ५० लाख व्यवस्थापन गर्ने सम्बन्धमा ।

१०. अभिलेखीकरणको म्याद थप सम्बन्धमा ।

११. टिकाराम रेग्मीको घरमुनीको पहिरो संरक्षण सम्बन्धमा ।

१२. चण्डिकालिका मन्दिर मर्मत सम्बन्धमा ।

१३. वडा नं ४ को झोलुङ्गे पुल मर्मत सम्बन्धमा ।

१४. शाहवंशीय कुल मन्दिर तथा जग्गा व्यस्थापन सम्बन्धमा ।

१५. विविध :

.....................................

तुलसी राम रेग्मी

नगर प्रमुख

श्रावण १८ गते आइतबार

## १२१ औं कार्यपालिका वैठकका निर्णयहरु:

१. आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा सम्पन्न गरियो। साथै आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यावन्यनका लागि नयाँ कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

२. कृषि तथा पशुसेवामा कार्यरत एक गाँउ एक प्राविधिकको म्याद आर्थिक वर्ष २०८२/०८३ को पौष मसान्तसम्म थप गर्ने तथा नयाँ सेवा करार सम्झौता गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।

३. शिक्षाचोक बहाकोट काल्खु सडकको विस्तार तथा स्तरोन्नतिका लागि नयाँ सामाजिक सुरक्षण नीति तथा कार्य योजनालाई कार्यान्वयन गरी आयोजनाको बाँकी कार्यहरु जस्तै लगत कट्टा तथा ESMP/ESMF बमोजिमको कार्य गर्नका लागी सामाजिक सुरक्षण विज्ञको रुपमा साविकको DSC मा कार्यरत मोती लामिछानेलाई नेपाल सरकारको राजपत्राकिंत द्धितिय श्रेणीको अधिकृत सरहको तलब भत्ता, आवास वापत रु तिन हजार र विहान बेलुका खाना खाजा वापत रु आठ हजार मासिक भुक्तानी दिने गरी आश्विन मसान्तसम्म कामकाजमा लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने निर्णय गरियो ।

४. मासुमा आत्मनिर्भर तथा स्वास्थ्य मासु उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

५. मालपोत कार्यालय स्याङ्गजाको चलानी नम्बर २३२० मिति २०८२/०३/२७ को पत्रबाट माग भए अनुसार जिल्ला स्याङ्गजा साविक करेन्डाँडा गाउँ विकास समिति वडा नम्बर २ को कित्ता नम्बर १ र ऐ ऐ वडा नम्बर ३ को कित्ता नम्बर १ (हाल पुतलीबजार नगरपालिका वडा नम्बर ११ र १३ हट्टिया) अन्तरगत पर्ने फिल्डबुकमा आँधिखोला रहेको उल्लेखित जग्गाको नक्सामा खोला देखिएको भएतापनि उक्त स्थानमा हाल खोला नभएको विगत लामो समयदेखि स्थानीय सर्वसाधारणहरुले खेतीपाती गर्दै आइरहेको कारण भविष्यमा उक्त जग्गा अतिक्रमण हुन सक्ने सम्भावना रहेको साथै सो जमिनको दाया बाँया प्रति जग्गा समेत रहेकोले उक्त स्थानमा हाल बगिरहेको खोलाले भविष्यमा कुनै क्षति नपुर्याओस भन्ने उद्देश्यले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्याङ्गजाको बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत संन्चालित आँधिखोला नदी नियन्त्रण कार्य (आधिखोला गाउँपालिका, पुतलीबजार नगरपालिका, भिरकोट नगरपालिका र वालिङ्ग नगरपालिका) योजना बमोजिम कार्यान्वयन भए पश्चात उक्त तोकिएको क्षेत्रमा नदी कटान एवम् बाढी पहिरोको नियन्त्रण

..................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..................
तुलसीराम रेग्मी
नगर प्रमुख

भई खोलाको निकासमा कुनै बाधा अवरोध नरहेको र बगिरहेको खोलाको बाहावले सो क्षेत्रका स्थानीय बासिन्दाहरुलाई कुनै असर नपर्ने दिखीएको हुँदा सोही व्यहोराको पत्र मालपोत कार्यालय स्याङ्जालाई लेखि पठाउने निर्णय गरियो।

६. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रमको लागी पुरानो पकेट क्षेत्रमा नयाँ कृषकलाई कार्यक्रम दिने गरी कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

७. गत आर्थिक वर्षदेखि पटक पटक शिलवन्दी दरभाउपत्र गर्दा पनि भाडा महगो भएका कारण सिटिहल पार्किङ्ग तथा प्यासेज र चमेना गृह भाडामा नगएकोले सिटीहल अगाडीको खुल्लाचौर र प्यासेज सहित मासिक एकमुष्ट रु १५०००/- र चमेना गृहको मासिक रु १००००/- भाडादर कायम गरी सम्झौता प्रक्रिया अगाडी बढाउने अधिकार प्रमुख प्रशासिकय अधिकृतलाई दिने निर्णय गरियो ।

८. बहाकोट काल्खु सडक खण्ड बिस्तार तथा स्तरोन्ती गर्ने क्रममा बाटो थप कटान भएका जग्गाको क्षतिपुर्ति लगायतका कार्य गर्न रु ५० लाख विनियोजन गर्ने निर्णय गरियो ।

९. विगतदेखिनै संन्चालनमा रहेको घरनक्शा अभिलेखीकरणको कार्यलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिने निर्णय गरियो ।

१०. टिकाराम रेग्मीको घरमुनीको पहिरो संरक्षणका लागी रु ३० हजार विपत व्यवस्थापन कोषबाट दिने निर्णय गरियो ।

११. वडा नं ४ को कार्यालयको सिफारिश समेतका आधारमा उक्त वडा अन्तरगत ठुलीवशी खोरेटा हुदै फापरथुम जोडने झोलुङ्गे पुल मर्मतका लागी लागत अनुमान अनुसारको रकम पूर्वाधार मर्मत शिर्षकबाट भुक्तानी गर्ने गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

१२. वडा नंम्बर १४ मा रहेको शाहवंशीय कुल मन्दिरले हकभोग गरिरहेको जग्गाको उपभोग र उक्त मन्दिरको संरक्षण तथा व्यवस्थापन लगायतका सम्पूर्ण कार्यको जिम्मेवारी उक्त मन्दिर संरक्षण समितिलाई नै हुने निर्णय गरियो ।

१३. आर्थिक वर्ष २०८२/८३ का योजना तथा कार्यक्रम संचालन गर्नका लागि स्वीकृत जिल्ला दररेट लाई नै आधार लिने निर्णय गरियो ।

...........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

...........................
तुलसीराम रेग्मी
नगर प्रमुख